**विक्रम सम्वत् २०८० साल असार २२ गते शुक्रवार दिनको ०२:०० बजे नगर कार्यपालिकाको कार्यालयमा बसेको २०६ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरू देहाय बमोजिम रहेका छन् ।**

**निर्णयहरु:**

१. यस ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको यस अघि बसेको बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था समीक्षा गरियो।

२. ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "**समुदायमा आधारित लाभग्राहीको पहिचान कार्य सञ्चालन निर्देशिका, २०८०**" पारित गरी लागू गर्ने निर्णय गरियो।

३. ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "**ठाकुरबाबा नगरपालिकाको स्थानीय रोजगार रणनीति (२०८०।०८१-२०८४।०८५)**" पारित गरी लागू गर्ने निर्णय गरियो।

४. ठाकुरबाबा नगरपालिकाको आ. व. २०७९।०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा तपसिल बमोजिमका कार्यक्रमहरुको लागि छुट्टै बजेट व्यवस्थापन नगरिएको तर कार्यालयको आवश्यकता, जनताको माग र विभिन्न प्रस्तावनाहरुको आधारमा सञ्चालन गरिएको र कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भएको विभिन्न योजना/कार्यक्रमहरुको रकम भुक्तानी दिनका लागि निर्देशन दिने निर्णय गरियो।

५. नमूना विद्यालय कार्यक्रममार्फत श्री त्रिभूवन माध्यमिक विद्यालय, भुरिगाउँमा २ तले ८ कोठे विद्यालय भवन र २ तले ४ कोठे शौचालय निर्माण गर्नका लागि लागत अनुमान तयार पारी बोलपत्र आह्वान गरिएको तर विद्यालयको आवश्यकता, विद्यालय व्यवस्थापन समितिको निर्णय, निर्माणस्थलको आवश्यकता र प्राविधिकको प्रतिवेदन बमोजिम डिजाइन परिवर्तन गरी ३ तले १२ कोठे विद्यालय भवन निर्माण गरिएको हुँदा उक्त विद्यालय भवनको डिजाइन परिवर्तनलाई अनुमोदन गर्ने निर्णय गरियो।

६. ठाकुरबाबा नगरपालिका वडा नं. ५, बनकट्टिमा रहेको जलेश्वर मन्दिरको बाँकी काम सम्पन्न र पर्खाल निर्माणमा आएको रु. ५९,२७०।७६ (अक्षरुपी उन्साठी हजार दुई सय सत्तरी रुपैयाँ छयत्तर पैसा) (९.०८ प्रतिशत) को भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो।

७. ठाकुरबाबा नगरपालिकाको आ. व. २०७९।०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. ८ र ९ मा कुलो लाइनिङ्ग तथा तटबन्धन कार्यमा आएको रु. २,००,४६८।९३ (अक्षरुपी दुई लाख चार सय अठसट्ठि रुपैयाँ त्रियानब्बे पैसा (१३.१ प्रतिशत) को भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो।

८. ठाकुरबाबा नगरपालिकाको आ. व. २०७९।०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको योजना "**शिवपुर गाउँघर क्लिनिक् निर्माण**" मा थप आर्थिक दायित्व सिर्जना भएको रकम रु. ५८,१३८।- (अक्षरुपी अन्ठाउन्न हजार एक सय अडतीस मात्र) जोड कोष शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

९. ठाकुरबाबा नगरपालिकामा फोहरमैला व्यवस्थापन गर्नका लागि सम्भावित स्थानहरुको छनौट गर्दा तपसिल बमोजिमका स्थानहरु प्रारम्भिक रुपमा छनौट भएका हुँदा प्राविधिक तथा विज्ञहरुको टोली पठाई उचित स्थान छनौट गरिदिनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

तपसिल:

| क्र. सं. | सम्भावित स्थान | जग्गाको प्रकृति | अनुमानित क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | ठाकुरबाबा-२, प्रतापपुर | नदी उकास सहित ऐलानी जग्गा | ५ विगाहा | |
| २ | ठाकुरबाबा-५, वनकट्टि | सामुदायिक वन क्षेत्र तथा गौशाला | १० कठ्ठा | |

| | | | | |
|---|---|---|---|---|
| | (गौशाला नजिक) | नजिकको खाली जग्गा | | |
| ३ | ठाकुरबाबा-४, खैलार (गौशाला नजिक) | सामुदायिक वन क्षेत्र तथा नदी उकास जग्गा | २ विगाहा | |
| ४ | ठाकुरबाबा-३, गोदाना | यसअघि डम्पिङ्ग साईटको रुपमा प्रयोग गरिएको जग्गा | १ विगाहा | |

१०. ठाकुरबाबा नगरपालिकाको स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७९) को दफा ४.२ को खण्ड (क) र (ख) को परिधिभित्र रही उत्पादन व्यवसायिकताको सम्भाव्यता, शेयर तथा बचत पुँजीका आधारमा घुम्ती कोष सञ्चालक समितिको मिति २०८०।०३।२२ गतेको निर्णय बमोजिम रु. ४५,५०,०००।- (अक्षरुपी पैंचालिस लाख पचास हजार मात्र) सम्बन्धित सहकारी संस्थाहरु मार्फत सम्बन्धित व्यक्तिहरुलाई कर्जाका रुपमा परिचालन गर्नको लागि स्वीकृति दिने निर्णय गरियो।

११. ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०७९ को दफा ५८ को उपदफा १ मा गरिएको व्यवस्था बमोजिम ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिका सदस्य श्री राम रानी थारुलाई नगर कार्यपालिकाको प्रवक्ता तोक्ने र उपदफा २ मा गरिएको व्यवस्था बमोजिम प्रवक्तामार्फत कार्यपालिका बैठकका निर्णयहरु बैठक बसेको तीन दिनभित्र सार्वजनिक गर्ने निर्णय गरियो।

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
(स्था. २०७२)

राम रानी थारु
प्रवक्ता, ठाकुरबाबा नगरपालिका